# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३५) काठमाडौं, वैशाख ९ गते २०४२ साल (अतिरिक्ताङ्क ३

## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उपदफा (३) को प्रयोजनको लागि एक सदस्यीय निर्वाचन क्षेत्र संखुवासभाबाट निर्वाचित राष्ट्रिय पञ्चायत सदस्यको रिक्त पद पूर्ति गर्न देहायबमोजिम तोकिएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

१. निर्वाचन क्षेत्रको नामः– संखुवासभा जिल्ला ।

२. मतदान केन्द्रको नामः– निर्वाचन आयोगबाट अधिकार प्रत्यायोजन भए-बमोजिम संखुवासभा जिल्लाको प्रत्येक गाउँ पञ्चायतमा निर्वाचन अधिकृतले तोकेबमोजिम ।

३. निर्वाचन हुने मिति र समयः– २०४२ साल जेष्ठ २६ गते बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।